# स्थानीय राजपत्र

## लिम्चुङबुङ गाउँपालिका

खण्ड (६) संख्या ५ बाराहा उदयपुर कोशी प्रदेश

२०७९ साल फागुन १९


पहिलो संशोधन सहित

## भाग-२

## लिम्चुङबुङ गाउँपालिकाको लिलाल सम्बन्धी कार्यविधि, २०७९

लिम्चुङबुङ गाउँ सभाको वैठकबाट स्वीकृत भएको ऐन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, को दफा १०२ को उपदफा (२) बमोजिम लिम्चुङबुङ गाउँपालिकाको स्थानीय राजपत्र सम्बन्धी कार्यविधि, २०७४ अनुसार सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संबत् २०७९ सालको कार्यविधि नं ५**

# लिम्चुङबुङ गाउँपालिकाको लिलाम सम्बन्धी कार्यविधि, २०७९

कार्यपालिकावाट स्वीकृती मिति २०७९/११/१९
पहिलो संशोधनः २०७९/१२/७

**प्रस्तावनाः**

लिम्चुङबुङ गाउँपालिकामा रहेको मेशिनरी औजार तथा भारी उपकरण र सवारी साधान चालु हालतको भए पनि पुरानो मोडल भएको त्यसको स्पेयर पार्ट पुर्जाको अभाव तथा मर्मत सम्भार तथा संचालनमा वढि खर्च लाग्ने तथा वर्तमान अवस्थामा अनुपयोगि भनि मेकानिकल प्राविधिकवाट प्रतिवदन सहित पेश गरेको अवस्थामा मेशिन, औजार तथा भारी उपकरण र मालसमान अधिकार प्राप्त अधिकारीवाट आवश्यक जाँचवुझ एंव सर्वेक्षण गरी लिलाम समितिको सिफारिस मा कार्यपालिकाको निर्णय अनुसार लिलाम गर्न बान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (२) वमोजिम यो कार्यविधि वनाईएको छ ।

**१. सक्षिप्त नाम र प्रारम्भ;**

क). यस कार्याविधिको नाम "लिलाम सम्बन्धी कार्यविधि २०७९" रहेको छ ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकावाट स्वीकृत भए पछि लागु हुने छ ।

**२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा ;**

क) "प्रमुख" भन्नाले लिम्चुङबुङ गाउँपालिका को अध्यक्षलाई सम्झनु पर्छ ।

ख) "उप-प्रमुख" भन्नाले लिम्चुङबुङ गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

ग) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले लिम्चुङबुङ गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत लाई सम्झनु पर्छ ।

घ) "कार्यापालिका " भन्नाले लिम्चुङबुङ गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्छ ।

ङ) "लिलाम" भन्नाले जिन्सी निरीक्षण गर्दा टुटफुट तथा वेकम्मा भई पुन; प्रयोग गर्न नसकिने वा प्राविधिकवाट निरीक्षण गर्दा कुनै जिन्सी मालसमान मर्मत गरी पुनः प्रयोग गर्न सकिने भए तापनि सामानको पार्टपुर्जा नपाईने र मर्मत गर्दा उक्त सामानको वजार मुल्यको २५ प्रतिशत भन्दा वढि खर्च हुने वा प्रविधि पुरानो भएको कारण प्रयोग गर्दा कार्यकुशलता घटने भनी प्रतिवेदनमा उल्लेख भएको दफा २ (क) (१) वमोजिमका समानहरु सम्झनु पर्छ ।

२. लिलाम प्रक्रिया;

क) लिलाम विक्रि गर्न सक्ने;

देहाय बमोजिमका सामानहरु लिलाम विक्रि गर्न सकिनेछ ।

१) कार्यालयमा वेकम्मा हुन पुगेका सम्पत्तिहरु

२) जुन सुकै कारणबाट जफत गरिएका सामानहरु

३) कार्यापालिका को निर्णय अनुसारका समानहरु

४) यस गाउँपालिका क्षेत्र भित्र प्राप्त कुनै किसिमका चीज बस्तुहरु

ख) वेकम्मा सामान यकिन गर्ने;

प्रत्येक आर्थिक वर्ष सकिएका ३ महिना भित्र जिन्सी निरीक्षण गराउनु पर्दछ परीक्षण गर्नेले दिएको आफ्नो प्रतिवेदनमा वेकम्मा भई लिलाम गर्न मनासिव ठहरिएका सामानहरु स्पष्ट किटान गर्नुपर्दछ ।

सामान्यतया निम्न अवस्थामा सामान बेकम्मा मान्न सकिन्छ ।

१. सामान जुन कामको लागि राखिएको हो सो काममा प्रयोग गर्ने नसकिने भएको,

२. खुद खरीद गरिएको मितिबाट बाह्र वर्ष पुगेको,

३. सामान विग्रि र सो को मर्मत गर्दा नयाँ सामानको मुल्यको २५ प्रतिशत वा सो भन्दा बढी लाग्ने देखिएको ।

४. अनुसुचि -२ मा उल्लेखित ह्रासकट्टीको दर लगाई सामानको कितावी मुल्य निकाल्दा परल मुल्यको ५ प्रतिशत वा सो भन्दा कम मात्र रहन गएको । (शुरु मुल्य र शुरु साल नखुलेको अवस्थामा यो माप दण्ड प्रयोग गर्न सकिदैन ।)

५. अघिल्लो अर्थिक वर्षमा सामान मर्मतमा गरिएको खर्च र सो आ.व.मा. सो सामानको ह्रासकट्टी हुने रकम जोड्दा नयाँ सामानको मुल्यको ४० प्रतिशत वा सो भन्दा बढी हुन गएको यी अवस्थामा उक्त सामान पुनः मर्मत नगर्ने ।

द्रष्टव्यः "परल मुल्य भन्नाले शुरुमा खरीद गर्दाको इन्भ्वाइस मुल्य सामनलाई प्रयोग गर्ने स्थान सम्म ल्याउदाको खर्च र सामानको कुनै भागमा नयाँ उपकरण जडान गरी वा ओभरहल गरी पुँजीगत मुल्य बडाउन गरिएको खर्च समेत जोडिएको मुल्य सम्झनु पर्दछ । यदि भन्सार छुट सुविधा प्राप्त गरिएको भाउ इन्भ्वाइस मुल्यमा भन्सार शुल्क समेत जोडी परल मुल्य कायम गर्नु पर्दछ ।"

## ३. वेकम्मा ठहरिएका सामान लिलाम गर्न स्वीकृति दिने प्रकृया:

(क). रु. २००,०००।— (दुईलाखइ सम्म परल मुल्य खुलेका र १,००,०००।— (एक लाख) सम्म् परल मूल्य नखुलेका भएका मेशिनरी औजार भारी उपकरण र सवारी साधन वाहेकका सामानहरुको लिलाम समितिको निर्णय अनुसार प्रमुख प्रशासकीय अधिकृतले लिलाम गर्न सक्ने छ ।

(ख) मालसमानको परल मूल्य खुलेकोमा तीन लाख रुपैयासम्मको र परल मूल्य नखुलेको भए हाल मूल्याङकन यकिन भएको मूल्यमा एक लाख रुपैयासम्म वा दुवै गरेर चार लाख रुपैया सम्मका मालसमान लिलाम समितिको सिफारिसमा कार्यापालिको निर्णय अनुसार लिलाम गर्न सकिने छ ।

(ग) उप—दफा (ख) भन्दा भन्दा बढीको विशेष प्रकारको समानहरुको लिलामको लागि लिलाम समितिको सिफारिसमा गाउँ सभाको निर्णय अनुसार लिलाम गर्न सकिने छ ।

तर घर जग्गा जस्ता स्थिर सम्पति नेपाल सरकार, मन्त्रिपरिषदको निर्णय वेगर लिलाम विक्री गर्न पाईने छैन ।

## ४. लिलाम गर्ने तरिका :

(१) माथि उल्लेख गरिएको प्रकृया अनुसार लिलाम गर्ने सामान स्वीकृति भईसके पछि कार्यालय प्रमुखले लिलाम गर्ने आदेश दिनु पर्छ । सामानको लिलाम निम्न तरिकाले गर्न सकिने छ ।

(क) डाँक बढावढ गराएर ।

(ख) वोलपत्र माग गरेर ।

(२) लिलाम गर्ने सुचनाको म्याद

(क) पचास हजारसम्म मुल्याङकन भएको सामानको लागि -१५ दिन

(ख) पचास हजार रुपैया भन्दा वढी मुल्याङकन भएको सामानको लागि -२१ दिन

(३) सुचनाको ढाँचा

सुचनाको ढाँचा अनुसुची -२ मा प्रस्तुत गरिएको छ । अनुसुची- २ बमोजिमको सुचना कार्यालयले आफ्नो सुचना पाटी र वेव साईडमा राख्नु पर्ने छ ।

**५. लिलाम सम्बन्धी व्यवस्था** :

(१) देहायका कुराहरु समेत खुलाई सुचना प्रकाशन गरी लिलाम वढावढ गराउनु सकिने छ ।

क) मालसमानको विवरण,

ख) मालसमानको न्यूनतम मुल्य,

ग) लिलाम बढाबढ हुने स्थान समय (शुरु र अन्त्य हुने समय वजे) र मिति

घ) न्यूनतम मुल्यबाट वढावढ शुरु हुने कुरा,

ङ) लिलाम साकार गर्न डाँक बोल्न अघि नै न्यूनतम मुल्यको ५ प्रतिशतले हुने नगद धरौटी राख्नु पर्ने कुरा र डाँक अंक वढदै गएमा सोही अनुपातमा धरौटी थप गर्ने जानु पर्ने कुरा,

च) लिलाम साकार गरेको मालसमान उठाई लैजानु पर्ने अवधि,

छ) अन्य आवश्यक कुराहरु

(२) दफा ४ वमोजिम प्रकाशित सुचना वमोजिम लिलाम सकार गर्न चाहने व्यक्ति फर्म संस्था वा कम्पनिले देहाय वमोजिमको वोलपत्र फाराम दस्तुर तिरी सम्बन्धीत कार्यालयवाट सो कार्यालयको कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीको दस्तखत र कार्यालयको छाप लागेको वोलपत्र फाराम किन्नु पर्ने छ ।

क) पचास हजार रुपैया सम्मको न्यूनतम अंक भएको वोलपत्रको लागि रु.१०००।-

ख) पचास हजार देखि पाँच लाख रुपैया सम्मको न्यूनतम मुल्य कायम भएको वोलपत्रको लागि २०००।-

ग) ५ लाख भन्दा माथि जतिसुकै रकम न्यूनतम मुल्य कायम भएको वोलपत्रको लागि रु.३०००।-

(३) दफा ४ वमोजिमको लिलाम वढावढ गर्न वा वोलपत्र माग गरी लिलाम विक्री गर्ने सूचना प्रकाशन गर्ने सूचना प्रकाशन गर्दा परल मुल्य नखुलेकोमा हाल मुल्याङकन गर्दा पचास रुपैया सम्म मुल्य कायम हुने मालसमान र परल मुल्य खुलेकोमा हाल मुल्याङकन गर्दा तीनलाख रुपैयासम्म मुल्याङकन कायम हुने मालसमानको लिलाम विक्री गर्न वोलपत्र माग गर्ने कार्यालय ,जिल्ला प्रशासन कार्यालय ,जिल्ला समन्वय समितिको कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालय र जिल्ला मालपोत कार्यालय, उदयपुरमा वोलपत्र आव्हानको सूचना टास गरी र सो भन्दा वढि मुल्य कायम हुने मालसमान स्थानीय वा राष्ट्रिय स्तरको पत्रपत्रिकामा सूचना प्रकाशन गरी लिलाम विक्री गर्न सकिन्छ । यसरी लिलाम विक्री गर्दा पहिलो पटक लिलाम विक्री हुन नसकेमा सात दिनको म्याद दिई पुनः लिलाम विक्रीको कारवाही गर्नु पर्ने छ । पुनः लिलाम विक्रीको कारवाही गर्दा पनि लिलाम हुन नसेकेमा पुन मुल्याङकन गरी लिलामा गर्न सकिने छ ।

(४) लिलाम सकार गरेको जिन्सी मालसमान सम्बन्धित कार्यालयले तोकेको अवधि भित्र कवोल गरेको पुरा रकम बुझाई नउठाएमा राखिएको धरौटी जफत गरी जफत रकम वरावर मात्र घटि भएका क्रमश ः दोश्रो ,तेश्रो वा चौथो घटीवालाको कवुल अंक स्वीकृत गर्न सकिने छ । यरी गर्दा पनि लिलाम हुन नसकेमा पुन लिलाम गर्नु पर्ने छ ।

(५) उप दफा ३ वमोजिमको प्रक्रियावाट विक्री हुन नसकेमा दफा ६ वमोजिमको समितिवाट पुन मुल्याङकन गराई लिलाम बढावढ गराउनु पर्नेछ । यसरी पुनः मुल्याङकन गरिएको मुल्यमा पनि लिलाम बढाबढ हुन नसेकमा लिलाम समितिको सिफारिसमा कार्यपालिकाको निर्णय अनुसार सीधै त्रिक्री गर्न सक्नेछ । यसरी सीधै बिक्री हुन नसकेमा गाउँ सभाको निर्णयवाट लगत कटा गर्नु पर्नेछ ।

(६) सवारी साधन ,मेशनरी औजार र प्राविधिक मालसमान बाहेक फर्निचर जस्ता मालसमानको मुल्याङकन गर्दा आयकर प्रयोजनको लागि निर्धारित ह्रास कट्टि दरको आधारमा मुल्य कायम गर्न सकिनेछ । आयु निश्चित भएका जनुसुकै मालसमानको आयु समाप्त भए पछि मुल्याङकन समितिवाट मुल्याङकन गराई लिलाम बिक्रि गर्न सकिनेछ ।

(७) दफा ६ वमोजिमको समितिले मालसमानको मुल्य कायम गर्दा मालसमानको उपयोगिता सेवा आयु हस कट्टि अवशेष मुल्य र वजार मुल्य समेत विचार गरी मुल्य कायम गर्नु पर्ने छ । ह्रास कट्टि गदा आयकर ऐन वमोजिमको दरमा कट्टि गर्नु पर्ने छ । भन्सार नतिरेको मालसमानको मुल्य कायम गर्दा भन्सार महसुल समेत समावेश गरी सो शुल्क समेतमा ह्रास कट्टि गर्नु पर्ने छ ।

तर यसरी उल्लेखित आधारहरु कुनै पनि वा आशिंक रुपमा किटान गर्न नसकिने मालसमानको हकमा कार्यालय प्रमुखले कार्यपालिका समक्ष पेश गर्नु पर्ने छ ।यसरी जानकारी प्राप्त भए पछि सम्बन्धीत विशेषज्ञलाई मालसमान प्रयोगमा आउने वा नआउने वारे जाचवुझ गर्न लगाउनु पर्ने छ ।सम्बन्धीत विशेषज्ञले त्यस्ता मालसमान मर्मत गरेर पनि पुनः प्रयोग हुन नसक्ने वा मर्मत गर्दा उपनियम (९) वमोजिमको स्थिती हुने प्रतिवेदनमा दिएमा सोही प्रतिवेदनलाई आधार लिई मुल्य कायम गर्न समितिलाई निर्देशन दिन सक्ने छ ।

(८) यस कार्यविधि बमोजिम लिलाम बिक्री भए वा नभएको सम्बन्धमा समितिले वा नियमानुसार एक पटक निरीक्षण गरी सोको प्रतिवेदन गाउँ कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(९) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बाह्र वर्ष भन्दा बढी पुराना र चालु हालतमा नरहेका वा चालु हालतमा ल्याउन सोही मालसामानको बजार मुल्यको पच्चीस प्रतिशतभन्दा बढी मर्मत खर्च लाग्ने भएमा नियम ६ बमोजिमको समितिको सिफारिसमा कार्यपालिको निर्णय अनुसार लिलाम बिक्री गर्न सक्नेछ ।

(१०) निमार्ण भएका भौतिक संरचना भत्काई लिलाम बिक्री गर्दा भत्काउन लाग्ने खर्च र मालसामान बिक्री गर्दा प्राप्त हुने रकमको आइटम वाइज लागत अनुसार तयार गर्नु पर्नेछ । लिलामबाट प्राप्त हुने रकम भत्काउदा लाग्ने खर्च भन्दा बढी हुन आएमा फरक रकमलाई नै न्युनतम मुल्य मानी लिलाम घटाघट सम्बन्धी कारबाही गर्नु पर्नेछ ।

(११) जफत भएका मालसामानको मुल्याङकन -जुनसुकै कारणबाट जफत भएका मेशिन, उपकरण वा मालसामान लिलाम बिक्री गर्दा कार्यपालिकाको निर्णय अनुसार लिलाम गर्न सकिने छ ।

(१२) (१) नष्ट गर्नु पर्ने- कार्यालयले प्रचलित कानुन बमोजिम आफ्नो कव्जामा लिएको वा आफ्नो मौज्दातमा रहेको मालसामानको उपयोग मिति समाप्त भएमा वा अन्य कुनै कारणबाट उपभोग गर्न नहुने प्रमाणित भएमा त्यस्तो मालसामान मुचुल्का गरी सार्वजनिक रुपमा नष्ट गर्नु पर्नेछ । यसरी नष्ट गरेपछि त्यस्तो सामानलाई मुचुल्काको आधारमा जिन्सी खातामा मिन्हा खर्च जनाउनु पर्नेछ ।

(२) बोलपत्रको माध्यमबाट लिलाम गर्दा :(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वोलपत्रको माध्यमबाट लिलाम विक्री गर्न मनासिव देखिएमा मालसमान हेर्न सक्ने अवस्था मिलाई नियम ४ को उपनियम (२) वमोजिम म्याद दिइ वोलपत्र माग गर्न सक्नेछ । यसरी वोलपत्र आव्हान गरिएकोमा वोल अंकको दश प्रतिशतले हुने रकम वरावरको वैक जमानत वा धरौटी खातामा जम्मा गरेको भौचर वोलपत्र साथ राखु पर्नेछ । वोलपत्र माग गर्दा खरिद र दाखिला सम्बन्धी कार्य सम्बन्धीत कार्यालयमा गर्ने व्यवस्था मिलाउन पर्ने छ ।

(३) नियम ५ को उपनियम (३) वमोजिम उल्लेख भएका कुराहरु वाहेक सुचनामा प्रचलित कानून वमोजिम थप गर्न सकिने छ ।

(४) सूचनाको ढाँचा अनुसूचि ३ मा उल्लेख गरिएको छ ।

(५) सुचना प्रकाशनको म्याद नियम ४ को उपनियम (२) अनुसार हुने छ ।

(६) सुचनामा तोकिएको स्थान र मितिमा रितपूर्वक पर्न आएका वोलपत्रहरु खोलिने छ । एउटा मात्र वोलपत्र पर्न आएमा खोल्न वाधा पर्ने छैन ।

(७) बोलपत्र फाराम दस्तुर नियम ४ को उपनियम (२) वमोजिम हुने छ ।

(८) अन्य कुराहरु सूचनामा आवश्यक्ता अनुसार थप गर्न सकिने छ ।

**६. मुल्याङकन एंवम लिलाम समिति :**

उल्लेखित अनुसार गाउँपालिकामा रहेका समानहरुको उचित व्यवस्था मिलाई लिलाम गर्नु पर्ने सामग्रीहरुको मुल्याङकन एंवम लिलाम प्रक्रिया व्यवस्थित गर्न देहाय अनुसारको समिति रहने छ ।

क) गाउँ कार्यपालिकाको निर्णय अनुसार गाउँपालिका उपाध्यक्ष -संयोजक

ख) गाउँपालिकाको अधिकृत स्तरको प्राविधिक प्रतिनिधि -सदस्य

ग) गाउँपालिकाले तोकेको सम्बन्धीत विषयको विशेषज्ञ प्रतिनिधि -सदस्य

घ) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

ङ) जिन्सी उपशाखाको प्रमुख -सदस्य सचिव

समितिमा आवश्यकता अनुसार अन्य २ जना सम्म आमन्त्रण गर्न सकिने छ,।

**७. विविधि**

क) . कार्यविधिमा उल्लेख भएका कुराहरु शंसोधन गर्नु वा थप्नु परेमा कार्यपालिकावाट स्वीकृत गराउनु पर्ने छ ।

ख) कार्यविधिमा उल्लेख भएका कुराहरुमा द्धिबिधा उत्पन्न भएमा प्रचलित कानून एंवम कार्यपालिको निर्णय अन्तिम हुने छ ।

* ग) प्रक्रिया पुरा गरी लिलाम बिक्री गर्दा मालसामान चोरी निकासी, सड्ने, घट्ने, नासिने, मासिने, हराउने अबस्थामा कार्यपालिकाले निर्णय गरी पछि अनुमोदन गर्ने गरी तत्काल मालसामान बिक्री बितरण गर्न सक्ने छ ।

* घ) लिलाम बिक्री गरी राजश्व संकलन गर्ने कार्यमा सहयोग गर्ने ब्यात्त्कि वा निकायलाई प्राप्त राजश्व रकमबाट नघट्ने गरी ३ प्रतिशतसम्म रकम पुरस्कार दिन कुनै बाधा पर्ने छैन ।

१.पहिलो शंसोधनः *

# अनुसूचि -१
## कार्यविधिको दफा ५(२) सँग सम्बन्धित
## ह्रासकट्टी दर

| मालसामान घट्दो ह्रासकट्टी प्रणाली अनुसारको | ह्रासकट्टी दर(प्रतिशतमा) |
|---|---|
| **१) भवनः** | |
| (क) सिमेण्ट वा वज्र सुकीको जोडाई | ५ |
| (ख) माटोको जोडाई | ७ |
| (ग) काठ वा घाँस फुसले बनेको (अस्थाई) | ५० |
| **२) यातायाका साधनहरुः** | |
| (क) वस÷ मिनीवस, ट्रक, लरी, | २० |
| (ख) कार, जीप, भ्यान, मोटर, साइकल, स्कुटर, टेम्पो, सन, दमकल,सक्सन टंयाक | १५ |
| (ग) साइकल रिक्सा | २० |
| (घ) माथि नपरेको अन्य सावरी साधन | २५ |
| **३) फर्निचरः** | |
| (क) धातुको | २० |
| (ख) काठको | २५ |
| **४) यन्त्र, उपकरण तथा औजारः** | |
| (क) भवन, सडक, पुल, खानी, टनेल निर्माण सम्बन्धि | ५ |
| (ख) बुलडोजर, डोजर, ग्रेडर, रोलर, ड्रम्प, ट्रक र यस्तै प्रकृतिका यन्त्र उपकरण | २० |
| (ग) अन्य हलुका यन्त्र र उपकरण | २५ |
| (घ) विद्युत सम्बन्धि यन्त्र उपकरण टेलीफोन,मोवाईल | २५ |
| (ङ) रेफ्रिजेरेटर, एयर कन्डिसनर, एयरकलर र यस्तै प्रकृतिका अन्य उपकरण | २५ |
| (च) लिफ्ट, एलिमेटर, तथा एस्क्यालेटर | २५ |
| (छ) कम्प्युटर सम्बन्धि उपकरणहरु | २५ |
| (ज) रबर र प्लाष्टिकका सामान बनाउन प्रयोग गर्ने यन्त्र उपकरण | २५ |
| (झ) होजीयरी तथा ऊनको सामान वनाउन प्रयोग गर्ने यन्त्र उपकरण | २५ |
| (य) क्यानमास तथा छालाका सामान सिलाई गर्ने तथा नाप्ने यन्त्र उपकरण | २५ |
| (ट) चिया कारखानामा प्रयोग हुने यन्त्र, उपकरण र प्लान्ट रोलर ड्रायर समेत | २५ |
| (ठ) बुस ब्वाइलिङ पेन्स (कराई) | २५ |
| (ड) उखु पेल्ने मेशिन | २५ |
| (ढ) सलाई बनाउन प्रयोग हुने काठका फर्म | २५ |
| (ण) एक्सरे मेशिन | २५ |
| (त) प्रयोगशालामा प्रयोग हुने यन्त्र उपकरण | २५ |
| (थ) कार्यलय सम्बन्धी मालसामान एवं उपकरणहरु | २५ |
| (टाइप राइटर, क्यालकुलेटर, डुप्लिकेटिङ्ग मेसीन, फोटोकपि मेशीन आदि) | |

## अनुसूचि -२
## कार्यविधिको दफा ४ (१) को उप दफा (३) सँग सम्बन्धित
## पुर्ण व्यहोराको सुचना

कार्यालयको नाम :                                                            ठेगाना :

**माल सामान लिलाम वढावढको सुचना**

**प्रथम पटक प्रकाशित मितिः—.....................**

यस कार्यालयको पुरानो तपसिल वमोजिमका फर्निचर अफिस सामान, सवारी साधनहरु जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम विक्री गर्नु पर्ने भएको हुनाले यो सुचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति वा फर्महरुबाट यो सुचना ......................मा प्रथम पटक प्रकाशित भएको मितिले .........दिन भित्र रु.२५।— को टिकट टाँसि गरी निवेदन बुझाउन ल्याउन लिलाम आब्हान गरिएको छ ।

(क) मालसामानको विवरण (यहाँ सबै लिलाम हुने सामामनको नाम, ब्राण्ड बारे संक्षिप्त विवरण,
स्पेशिफकेशन र न्युनतम मुल्य खुलाउनु पर्नेछ ।लिलाम हुने मालसामान शुरु खरिद साल ब्राण्ड स्पेशिफिकेशन न्युनतम मुल्य खुलाउनु पर्ने छ ।

| लिलाम हुने मालसामान | शुरु खरिद साल | ब्राण्ड | स्पेसिफिकेसन | न्युनतम मुल्य |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

(ख) लिलाम वढावढ हुने स्थान, समय र मितिः
स्थान............................ समय..................... मिति...............................

(ग) न्युनतम मुल्य बाटै बढावढ शुरु हुने छ ।

(घ) लिलाम सकार गर्न डाँक बोल्नु अघि नै न्युनतम मुल्य रु...........................को । ले हुने नगद धरौटि राख्नु पर्नेछ

(ङ) लिलाम सकार गरेको मालसामान सकारेको ................. दिन भित्र आई लैजानु पर्नेछ ।

(च) लिलाम बढाबढ हुने मालसामान हेर्न चाहनेले कार्यलय समय ११ बजे देखि १ बजे सम्म............शाखामा सम्पर्क गरी हेर्न सक्ने छ ।

(छ) वोलपत्रको हकमा कार्यविधिमा उल्लेख भए अनुसार हुने छ ।

(ज) माथि उल्लेखित कुराहरु वाहेक अन्य कुराहरुको हकमा प्रचलित कानून वमोजिम हुने छ ।

**अनुसूचि -३**
**कार्यविधिको दफा (२) सँग सम्बन्धित**
**वोलपत्र सम्बन्धी पुर्ण व्यहोराको सुचना**

कार्यालयको नाम : ठेगाना :

**माल सामान लिलामको सुचना**

**प्रथम पटक प्रकाशित मितिः—......................**

यस कार्यालयको पुरानो तपसिल वमोजिमका फर्निचर अफिस सामान, सवारी साधनहरु जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम विक्री गर्नु पर्ने भएको हुनाले यो सुचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति वा फर्महरुबाट यो सुचना .......................मा प्रथम पटक प्रकाशित भएको मितिले ..........दिन भित्र रु.२५।— को टिकट टाँसि गरी निवेदन बुझाउन ध्याउन शिलवन्दि वोलपत्र आब्हान गरिएको छ ।

(क) मालसामानको विवरण (यहाँ सबै लिलाम हुने सामामनको नाम, ब्राण्ड बारे संक्षिप्त विवरण, स्पेशिफकेशन र न्युनतम मुल्य खुलाउनु पर्नेछ । लिलाम हुने मालसामान शुरु खरिद साल ब्राण्ड स्पेशिफिकेशन न्युनतम मुल्य खुलाउनु पर्ने छ ।

| लिलाम हुने मालसामान | शुरु खरिद साल | ब्राण्ड | स्पेसिफिकेसन | न्युनतम मुल्य |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

(ख) लिलाम बोलपत्र खोल्ने स्थान, समय र मिति

स्थान............................ समय..................... मिति.............................

(ग) बोलपत्र साथ कुवल गरेको रकमको १० प्रतिशत ले हुन आउने रकम बरावर यस कार्यालयको यस कार्यालयको .................. वैकमा रहेको नं................ धरौटी खातामा नगद जम्मा गरेको सक्कल भउचर समावेश गर्नु पर्ने छ ।

(घ) लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भए पछि ........... दिनमा सम्पूर्ण रकम दाखिला गरी समान उठाई लैजानु पर्ने छ । अन्यथा वोलपत्र रद्ध गरी धरौटी जफत हुने गरिने छ ।

(ङ) बोपत्र फाराम रु............ (फिर्ता नहुने गरी) तिरी ........... यस कार्यालयको .............उप शाखावाट लिन सकिने छ ।

(छ) लिलाम हुने मालसमान हेर्न चाहने ले कार्यालय समइ ११.०० वजे देखि १.०० वजे सम्म हेर्न आउने .......... शाखामा सम्पर्क राखु पर्ने छ ।

(ज) लिलामा भाग लिन चाहने ईचछुक व्यक्तिले नेपालीक नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र ईच्छुक फर्म वा कम्पनीले नविकरण भएको ईजाजत पत्रको प्रमाणित प्रतिलिप र कर चुक्ताको प्रमाण पेश गर्नु पर्ने छ ।

(झ) माथि उल्लेखित कुराहरुवाहेक अन्य कुराहरुको हकमा प्रचलित कानून वमोजिम हुने छ ।

**आज्ञाले**
योगेन्द्र राज गुरुङ
(प्रमुख प्रशासकीय अधिकृत)

प्रकाशित मितिः २०८०/६/८